# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मादी गाउँपालिका, कास्की

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Scanned with CamScanner

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

(बागमती र गण्डकी महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं : ६६६

मितिः २०७७/३/२५

श्री मादी गाउँपालिका,
कास्की ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक



Scanned with CamScanner

## महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २५ गते ।

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

visit nepal 2020 Lifetime Experiences

(वागमती तथा गण्डकी महानिर्देशनालय)


पत्र संख्या : २०७६।७७
च.नं : ८५४

मितिः २०७७।३।२५

श्री अध्यक्षज्यू,
मादी गाउँपालिका,
कास्की ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले मादी गाउँपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार :**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.७६ लाख ३२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४६ हजार, नियमित गर्नुपर्ने रु.५८ लाख ५५ हजार र पेश्की बाँकी रु. ५ लाख ७६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।०६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना तेह्र (१३) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह संग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यकारिणी, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण संग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक



Scanned with CamScanner

# आर्थिक कारोबारको स्थिति

ालय र स्थान : श्री मादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कास्की । आर्थिक वर्ष: २०७५।७६

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| मुख प्रशासकिय अधिकृत | प्र.प्र.अ.श्री नारायण प्रसाद अधिकारी | २०७५.०४.०१ | २०७५.०८.११ | ७५४१४५८.०० |
| | प्र.प्र.अ.श्री युवराज अधिकारी | २०७५.०८.२८ | २०७६.०३.३१ | |
| लेखा प्रमुख | लेखापाल श्री झलकनाथ पौडेल | २०७५.०४.०१ | २०७६.०२.०५ | |
| | लेखा अधिकृत श्री लक्ष्मी कोइराला | २०७६.०२.०६ | २०७६.०३.३१ | |

| नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | जम्मा रकम | | विवरण | रकम |
| | गत वर्षको जिम्मेवारी | ०.०० | १ | चालु खर्च | ३११९००९४१.०५ |
| | क) नगद | ०.०० | २ | पूँजीगत खर्च | ११९७४५९७०.५ |
| | ख) बैंक | ३१०४९२२९.३७ | | | ०.०० |
| २ | राजस्व (आन्तरिक आय) | ०.०० | ३ | वित्तीय व्यवस्था भुक्तानी | ०.०० |
| | क) आन्तरिक राजस्व | १२११५९९५.०४ | | क) ऋण भुक्तानी | ०.०० |
| | ख) राजस्व बाँडफाँड | ५७७८३६०९.१५ | | ख) ब्याज भुक्तानी | ०.०० |
| | ग) सडक वोर्ड | ०.०० | | ग) अन्य भुक्तानी | ०.०० |
| | ग) अन्य आय (मालपोत वाट) | ९८२६७१७.२४ | | | ०.०० |
| ३ | वित्तीय हस्तान्तरण (संघ ) | ०.०० | ४ | लगानी | ०.०० |
| | क)वित्तीय समानीकरण अनुदान | ७१५००००० | | ऋण लगानी | ०.०० |
| | ख) सशर्त अनुदान | १८५६६८५०० | | शेयर लगानी | ०.०० |
| | ग) सडक वोर्डवाट प्राप्त | ०.०० | | | ०.०० |
| | घ) विशेष अनुदान | ०.०० | ५ | धरौटी फिर्ता | ३६०००० |
| | ङ) सामाजिक सुरक्षा | ७२४८७००० | ६ | को.ले.नि.का. फिर्ता | ०.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ०.०० | | कोष खर्च | ०.०० |
| | क)वित्तीय समानीकरण अनुदान | ८८२८७२० | ७ | गत वर्षको सर्शत फिर्ता | ०.०० |
| | ख) समपुरक अनुदान | ०.०० | ८ | बैंक मौज्दात संचित कोष | ६४५५९८४३.८ |
| | घ) प्रदेशबाट प्राप्त समपूरक अनुदान | ०.०० | | क) नगद मौज्दात | ०.०० |
| | ङ) प्रदेशबाट प्राप्त बिशेष अनुदान/अन्य अनुदान | २६८०२१४ | | ख) बैंक मौज्दात धरौटी | ७५०१२४ |
| ५ | अन्तर सरकारी अख्तियारीबाट प्राप्त | २३८६१३२४.६८ | ९ | शर्सत अनुदान फिर्ता | १४४६५४९८.१३ |
| ६ | जनसहभागिता (नगद) | ४६२९४५० | | | ०.०० |
| ७ | विषयगत निकायबाट प्राप्त रकम जि.स.स. | १८४२५११९ | | | ०.०० |
| ८ | धरौटी आय | १११०१२४ | | | ०.०० |
| ९ | अन्य विविध आय | ११८१६३७५ | | | ०.०० |
| | जम्मा | ५११७८२३७७.४८ | | जम्मा | ५११७८२३७७.४८ |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | **कार्यालयको परिचय :** स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट प्रभावकारी सेवा र सुविधा प्रदान गर्न यस नगरपालिकाको स्थापना भएको हो । यस गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ र यस अन्तर्गत १२ वडाहरु, ६२ सभा सदस्य तथा २५७७९ जनसंख्या रहेका छन् । यसको क्षेत्रफल ५६३ वर्ग किलोमिटर रहेको छ । | |
| १. | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य ब्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>• सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।<br>• मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ- टिडिएस नगरेको,<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नुपर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासीकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा नतोकेको,<br>• कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र व्यवस्थापन आंशिक रुपमा गरेके भएता पनि सो सम्वन्धी कानुन, नीति, कार्यविधि तथा मापदण्ड नवनाएको,<br>• कार्यलयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,<br>• निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको, | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजूको लगत तयार गर्नुपर्नेमा नगरेको,<br>• उपभोक्ता समितिवाट गरीएका धैरै काममा खर्चका प्रमाण परिक्षण गर्दा केहीमा मु.अ.करमा दर्ता नभएका फर्मको विल राखेको,<br>• प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको,<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको संवन्धमा एकिन हुन नसकिएको,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कृषि, पशु तथा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारीत नगरी खर्च लेखेको,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार प्रथम चौमासीकमा ठेक्का लगाइसक्नुपर्नेमा गाउँपालिकाले यस आ.व.मा आन्तरिक आय बाहेक अन्य निर्माण कार्यको ठेक्का लगाएको पाइएन, | |
| २. | **सार्वजनिक सुनुवाई** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन हुने कार्य मितव्ययी एवं दक्षतापुर्वक संचालन गर्न अनुगमन एवं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट वित्तिय पारदर्शिता र जवाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ । सार्वजनिक सुनुबाई, सार्वजनिक तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । | |
| ३. | **आयोजना हस्तान्तरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिवाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ | |
| ४. | **निर्माण कार्यको लगत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष संचालन गरेको योजनामा निर्माण कार्यको लगत राखेता पनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाउँपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| ५. | **जग्गा उपयोग मापदण्ड** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | नि:शुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ६. | **सेवा प्रवाह** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता १७३७, नागरिता १२३२, घरबाटो सिफारिस ३८८ र अन्य ६३६० वटा दर्ता गरेको पाइयो । गाउँपालिकाल सम्वन्ध विच्छेद, बसाईसराई जस्ता सेवाको एकमुष्ट विवरण दिएकोले सोको छुट्टाछुट्टै अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| ७. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७६ आषाढ मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाइल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सम्पत्तिहरुको जिम्मेवारी सार्ने गरेको पाइएन । यसरी जिन्सी मालसामानहरुको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुदाँ खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्वन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ८. | **दररेट निर्धारण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा ताथ महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले उल्लेखित आइटम मध्ये केहीको मात्र न्यूनतम दररेट तोकेको पाइयो । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| ९. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिमको प्रगती विवरण दिएको छैन् । गाउँपालिकाबाट प्राप्त प्रगती विवरण अनुसार कूल मूल कार्यक्रम संख्या ४०५ मध्ये शून्य प्रगती भएका १४८, २५ प्रतिशतसम्म प्रगती भएका २५, ५० प्रतिशतसम्म प्रगती भएका ३२ वटा र ७५ प्रतिशतसम्म प्रगती भएका ४१ वटा रहेकोमा सहायक कार्यक्रमको संख्या कूल ४३४ वटाको प्रगती शून्य देखाइएको छ । कार्यालयबाट पेश भएको विवरणलाई विश्लेषण गर्दा लक्ष्य अनुसारको प्रगती भएको पाइएन । गाउँपलिकाले स्वीकृत ढाँचा बमोजिमको प्रगति प्रतिवेदन तर्जुमा गरी बजेट, खर्च र उपलब्धीको समीक्षा गर्नु पर्दछ । | |
| १०. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिक, दोश्रो चौमासिक, तेश्रो चौमासिक र आषाढ महिनामा कति रकम खर्च भएको सोको विवरण पेश नभएकोले खर्चको प्रतिशतलाई एकिन गर्न सकिएन् । बजेट तथा चौमासिक खर्चको यथार्थ चित्रण हुने गरी चौमासिक खर्चको विवरण कार्यालयले पेश गर्नुपर्दछ । | |
| ११. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **कर कट्टीको जानकारी :** आयकर ऐन, २०५८को दफा ९०मा अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले उपभोक्ता समितिहरुबाट भुक्तानीको सिलसिलामा कर कट्टी गरी राजस्वमा दाखिला गर्ने गरेकोमा सोको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई पठाउने गरेको देखिएन । | |
| १३. | **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधी उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष अवकाश कोषको लागि बजेट व्यवस्था गरेको र दाखिला गरेको देखिएन । गाउँपालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| १४. | **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा गाउँपालिकाका १२ वटै वडामा नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । यसले गर्दा सडक सीमा, वन, सरकारी तथा सार्वजनिक अतिक्रमणबाट जोगाउन र व्यवस्थित तथा सुरक्षित बसोवासको लागि नक्सापास सम्वन्धी कार्यविधि बनाई क्रमशः लागू गर्नु पर्दछ । | |
| १५. | **बेरुजू फछ्र्यौट नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ मा लेखापरीक्षणबाट कायम भएका बेरुजू प्रमाण पेश गरी वा नियमित गरी गराई वा असूलउपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुने व्यवस्था भएकोमा यस आ.व.मा विगत वर्षहरुमा औल्याईएका बेरुजू मध्ये प्रमाण र असूल गर्नुपर्ने वेरुजू फछ्र्यौटको लागि डोरमा पेश गरेकोमा नियमित गर्ने वेरुजूको लागि गाउँपालिकाले प्रक्रिया अगाडी बढाएको पाइएन । नियमावलीको पालना गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| १६. | **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट ६३ लाख ६८ हजार खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १७. | **पदाधिकारी सुविधा :** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन वमोजिम हुने उल्लेख छ । गण्डकी प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ जारी गरेको छ । उक्त ऐनमा व्यवस्था भएबमोजिम यस वर्ष अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पारीश्रमिकमा (भत्ता वाहेक) देहायअनुसार रु.६४ लाख २४ हजार खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहको आन्तरिक स्रोतलाई समेत आधार मानी मासिक सुविधा दिइने उल्लेख गरेको छ । आन्तरीक आय कुल रु.१ करोड २१ लाख १६ हजार रहेकोमा आन्तरीक आयले पदाधिकारीलाई तोकिएको सुविधा धान्न सक्ने देखिएता पनि सवै चालु खर्चलाई धान्न सक्ने अवस्था देखिएन अतः गाउँपालिकाले आन्तरीक आयका थप श्रोतको पहिचान गरी आन्तरीक आय सुदृढ गर्नुपर्ने देखिन्छ । | |

| सि.नं. | विवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष ८ | कार्यपालिका सदस्य ६ | सभाका सदस्य ३८ | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३१००० | २६००० | १८००० | ९००० | ६००० | ५७९६००० |
| २ | सञ्चार सुबिधा | १५०० | १००० | ८०० | - | - | १४५२०० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | (मासिक दरमा) | | | | | | |
| | ३ | चाडपर्व खर्च | ३१००० | २६००० | १४४००० | ५४००० | २२८००० | ४८३००० |
| | | जम्मा | - | - | - | - | - | ६४२४२०० |

१८. **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाउँपालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । गाउँपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर लगायतका करहरु पहिचान तथा एकिन गरी असूल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१९. **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे-टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

२०. **फोहोरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन ।

ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण भएको,

फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापन गरेको,

फोहोरमैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्य,

उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको उपलब्धता नभएको,

२१. **आन्तरीक आयतर्फ** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) मा संघीय तथा प्रदेश कानूनको अधिनमा रही सम्पत्ति कर, घरबहाल कर,सेवा शुल्क, विज्ञापन कर, मनोरञ्जन कर आदि सम्वन्धी नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम गरेको पाइएन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा वार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, स्वीकृत म.ले.प.फा.न. १०८( क, ख) तथा २३ प्रयोगमा नरहेको, रसिद नियन्त्रण खाता नरहेको वडा कार्यालयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको रसिदको सिलसिलेवर नम्वर अनुसार उठेको आय र बैंक दाखिलाको रकम नभिडेको, समयमै रकम दाखिला गर्ने नगरेको, उठ्नु पर्ने, उठेको र दाखिला सम्वन्धमा निरीक्षण अनुगमन हुने नगरेको हुँदा यो वर्ष घरबाटो सिफारिस, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयबापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन । यो वर्ष आन्तरिक आयवापत रु.१ करोड २१ लाख १६ हजार आम्दानी देखिएको छ । आवश्यक म.ले.प.फा.न हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने, गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२१.१. **घटी दरमा कर उठाएको** : गण्डकी प्रदेश आर्थिक ऐन, २०७५ को अनुसूचि ६ मा रोडा, ढुंगा, गिट्टी, चिप्स गेग्रान, चट्टानको संकनलको दर प्रति क्यु.फिट रु.४। को दरले कर संलकन गर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण व्यवसायीहरुबाट नदीजन्य पदार्थ विक्रीवापत सम्पूर्ण कर समेत रु.६४९८४०४।०० को संभौता गरी सोही अनुसारको रकम संकलन गरेको छ । संकलन तथा विक्रीको दर प्रति क्यू.फिट रु.४।०० का दरले गर्नुपर्नेमा पालिकाले प्रदेश सरकारले तोकेको दरलाई मू.अ.कर समेत मानी रु.३.५४ को दरले न्यूनतम मूल्यांकन गरी ठेक्का लगाई



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गाउँपालिकाले आय संकलन गर्दा रु.८२२४००।०० कम आय प्राप्त भएको देखियो । प्रदेश ऐनको व्यवस्थालाई कार्यान्वयन नगरी घटी दर राखी कर संकलन गर्दा रु.८२२४००।०० ले घटी आम्दानी गरेको देखियो । घटी आम्दानी भएको रकमको पालिकाले पुष्टाई पेश गर्नुपर्ने रु... | ८२२४०० |
| २२. | **सामाजिक सुरक्षातर्फ :**<br>**जोडजम्मा नभएको :** गाउँपालिका अर्न्तगतका १२ वटै वडामा सम्पूर्ण लाभग्राहीको भत्ता वितरण बैंक मार्फत भएको छ । बैंकले दोस्रो तथा तेस्रो चौमासिकको भरपाईमा जोडजम्मा नगरी पठाएकोले सोको सहज ढंगबाट परीक्षण गर्न सकिएन । जोडजम्मा गरी भरपाई दुरुस्त राख्न गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| २२.१. | **निष्क्रिय खाता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची-७ को बुदाँ नं. ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले बैंकलाई पटक-पटक निष्क्रिय खाताको विवरण पठाउन पत्राचार गरेकोमा समेत बैंकले लेखापरीक्षण अवधि सम्म खाताको विवरण दिएको पाइएन । लेखापरीक्षणको क्रममा बैंकमा नै गएर माग गरेपश्चात निष्क्रिय खाताको प्रमाणित विवरण प्राप्त भएको छ । माछापुच्छ्रे बैंक लिमिटेड मादी शाखाबाट आर्थिक वर्ष ०७५।७६ को अन्त्य सम्ममा निम्न १४२ जना लाभग्राहीहरुको जम्मा रु.९,७८,२००।०० रकमको खाता निष्क्रिय रहेको बैंकबाट मिति २०७६।१०।०९ को पत्रको प्रमाणित विवरणमा संलग्न छ । निष्क्रिय खाताहरुका लाभग्राहीहरुको लगत कट्टा गरी सोको विवरण अद्यावधिक गरी अवास्तविक लाभग्राहीहरुको लगत कट्टा गर्नुपर्ने भनी औल्याइएको प्रारम्भिक प्रतिवेदन उपर पालिकाबाट प्राप्त प्रतिक्रियामा कूल १४२ जनामध्ये २५ जना लाभग्राहीहरु हाल नरहेको र निज लाभग्राहीहरुको खातामा रहेको रु.२,१४,४००।०० असूल गरी गा.पा.को खातामा दाखिला गरेको बैंक भौचर पेश हुन आएको र बाँकी लाभग्राहीहरुको खाता मात्रै रोक्का रहेको निज लाभग्राहीहरु हालसम्म पनि रहेको सम्वन्धित वडाको सिफारिस प्राप्त भएकोले पालिकाले आगामी आ.व.मा समेत लाभग्राहीहरुको यथार्थ विवरण अद्यावधिक गरी राख्नुपर्दछ । | |
| २३. | **पदाधिकारी पोशाक भत्ता ३२,०७५।०६।०४ :** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को अनुसूची १(क) मा गाउँकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधामा पोशाक भत्ता सुविधाको व्यवस्था छैन् । गाउँपालिकाका ६२ जना पदाधिकारीहरुले रु.१००००।०० का दरले जम्मा रु.६२००००।०० पोशाक भत्ता वापतको रकम लिएको पाइयो । यसरी ऐनमा व्यवस्था नभएको सुविधा लिएको रकम रु.६२००००।०० को १ प्रतिशतले हुने रु.६२००।०० कर कट्टीको रकम घटाई बाँकी रु.६१३८००।०० सम्वन्धितबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.. | ६१३८०० |
| २४. | **उद्घाटन खर्च २०७,०७६।०९।१८ :** सार्वजनिक खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सार्वजनिक खर्च गर्दा सरकारलाई अनावश्यक व्ययभार नपर्ने गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं.१ सिक्लेसमा निर्मित मिति २०७५।८।२४मा शान्ति स्तम्भ उद्घाटन कार्यक्रममा निम्न शिर्षकमा गरी जम्मा रु.८८२२५५।०० खर्च गरेको पाइयो । आयोजनाको कूल लागत रु.१० लाख रहेकोमा लागतको तुलनामा उद्घाटन समारोहमा ८८ प्रतिशत खर्च गर्नु औचित्यपूर्ण देखिएन । विशिष्ट व्यक्तिको यातायात खर्चमा वजेट विनियोजन गरी सवारी साधनको सहज पहुँच भएकोमा महंगो साधन हेलिकोप्टर प्रयोग गरेको पाइयो । यसरी खर्च भएको रकम अनियमित भएको रु.. | ८८२२५५ |

| क्र.स. | खर्च भएको शिर्षक | भएको खर्च |
|---|---|---|
| १ | शान्ति स्तम्भ उद्घाटन कार्यक्रम | ३०००००.०० |
| २ | शान्ति स्तम्भ उद्घाटन हवाई खर्च हेलिकप्टर | ३०००००.०० |
| ३ | शान्ति स्तम्भ उद्घाटनमा विशिष्ट व्यक्तिको भ्रमण खर्च | २८२२५५.०० |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम |
|---|---|---|---|
| | जम्मा | ८८२२५५.०० | |
| २५. | **यातायात खर्च २९।०७५।१०।२५ :** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ४ मा पदाधिकारीलाई सवारी साधन उपलब्ध गराइएकोमा यातायात सुविधा उपलब्ध नगराउने तथा वडाध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा वैठकमा भाग लिन आउँदा र जाँदा यातायात प्रयोग गर्नु परेमा त्यस्तो पदाधिकारी तथा सदस्यले स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सार्वजनिक यातायातमा लाग्ने भाडादर वरावरको यातायात खर्च पाउने व्यवस्था छ । गाउँपालिकाको मिति २०७५।०१।१८ गतेको २२ औं गाउँकार्यपालिकाको निर्णयबाट मासिक बढीमा २ वटा बैठकमा आउँदा जाँदाको रु.१०००।०० का दरले यातायात खर्च दिने गरी निर्णय भएको र बैठकमा उपस्थित हुदाँ सोही बमोजिम नै भुक्तानी भएको पाइयो । गाउँपालिकाको केन्द्रबाट सवैभन्दा टाढाको मुकाम वडा नं.१ सिक्लेस हो जहाँको भाडादर रु.३५०।०० रहेको छ । नमुना छनौटको रुपमा चौथो गाउँसभामा उपस्थित हुदाँको भाडा भुक्तानीको परीक्षण गर्दा ६० जना सभाका सदस्यलाई रु.१०००।०० का दरले रु.६००००।०० भुक्तानी दिएको छ । प्रत्येक वडाध्यक्षहरुले सवारी साधन मोटरसाइकल लिएकोमा समेत भाडा भुक्तानी दिन मिल्ने देखिएन । एउटा बैठकमा भएको खर्चलाई हेर्दा ऐनमा व्यवस्था नभएको सुविधा लिएकोले स्थानीय सरकारलाई थप व्यवभार भएको देखिएको रु.... | | ६०००० |
| २६. | **इन्धन सुविधा :** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ४ मा पदाधिकारी तथा अध्यक्षलाई सम्वन्धित स्थानीय तहले इन्धन उपलब्ध गराउने व्यवस्था छ तथा गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको खर्चको मापदण्ड, २०७५ को बुदाँ नं. ९ को ३ मा प्रति मोटरसाइकल मासिक १० लिटर पेट्रोल दिन व्यवस्था गरेकोमा गाउँपालिकाले आ.व.०७५।७६ को वार्षिक विकास कार्यक्रम पुस्तिकाको क्र.स.५७५ मा सवारी साधन लिएका प्रत्येक वडाध्यक्षहरुलाई मासिक रु.२०००।०० का दरले एकमुष्ट वार्षिक रु.२४०००।०० कार्यक्रममा राखी भुक्तानी दिएको छ । खर्चको मापदण्डमा भएको व्यवस्थानुसार मासिक १० लिटरको करिव रु.१०००।०० हुनुपर्नेमा रु.२०००।०० का दरले दिएकोले १२ जनालाई वार्षिक रु.१२०००।०० का दरले बढी खर्च लेख्दा सरकारलाई थप व्ययभार परेको रु.... | | १४४००० |
| २७. | **छात्रवृत्तिमा खर्च ६६८,०७५।०२।१९ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो आधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने र यसरी बनाएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्कतानुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । गाउँकार्यपालिकाको मिति २०७५।०१।०४ को २१ औं बैठकले गरेको निर्णय बमोजिम मादी गाउँपालिकाभित्रका साविकका गा.वि.स.बाट कक्षा १ देखि १० सम्म अध्ययन गरी हाल प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति दिने निर्णय गरी निम्न ६ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.२०००००।०० का दरले जम्मा १२,००,०००।०० खर्च लेखेको छ । छात्रवृत्ति सम्वन्धी स्पष्ट कार्यविधि, मापदण्ड नबनाई रकम प्रदान गर्नु नियम संमत देखिएन । छनौट गरिएको विद्यार्थीमध्ये केही विद्यार्थीको फाइल अध्ययन गर्दा २०५९ सालमा एस.एल.सी.परीक्षा उर्तिण गरेकोलाई समेत हाल स्नातक तह अध्ययनको लागि छात्रवृत्ति दिनु सान्दर्भिक देखिदैन । २०५९ सालमा एस.एल.सी.परीक्षा उर्तिण गरेको विद्यार्थी २०७६ सालमा कम्तिमा ३३ वर्षको हुने निजलाई जेहेन्दार विद्यार्थीको परिभाषामा राख्नु औचत्यपूर्ण देखिएन । गाउँपालिकाले छनौटको स्पष्ट आधार नबनाई प्रदान गरेको रकम नियम संमत नदेखिएको रु..... | | १२००००० |

| क्र.स. | विद्यार्थीको नाम | भुक्तानी दिएको रकम | कैफियत |
|---|---|---|---|
| १ | हिमाल गौतम | २०००००.०० | प्लस.टु.मा ५६ प्रतिशत एक विषमा अनुतीर्ण |
| २ | सुमन पौडेल | २०००००.०० | |
| ३ | अमृत गुरुङ्ग | २०००००.०० | |
| ४ | मनिषा सापकोटा | २०००००.०० | २०५९ सालको एस.एल.सी.उर्तिण |
| ५ | संजय सुवेदी | २०००००.०० | |
| ६ | सचिन अधिकारी | २०००००.०० | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | जम्मा | १२०००००.०० | |

२८. **वित्तीय समानीकरण पूँजीगत :**

**आनुपातिक कट्टी नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित सिक्लेस पार्क निर्माण उपभोक्ता समितिले सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाईएन । नियमावलीको व्यवस्था तथा सम्झौता विपरित उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.२००८२०/ सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु... २००८२०

| गो.भौ.नं / मिति | योजना/कार्यक्रम | लागत अनुमान रकम | कार्यालयको अनुदान | मूल्याङ्कन | मूल्याङ्कन बमोजिम हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| पर्यटन पूर्वाधार विकास कार्यक्रम | सिक्लेस पार्क निर्माण कार्य उ.स. | २७१७८९४ | २३५२२५० | २२७१४५१ | १९६५८६८ | २१६६६८८ | २००८२० |
| जम्मा | | २७१७८९४ | २३५२२५० | २२७१४५१ | १९६५८६८ | २१६६६८८ | २००८२० |

२९. **पेश्की रकम बढी दिएको १२८,१०।३० -** मादी गाउँपालिकाको उपभोक्ता समिति व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ मा योजना शुरु हुनुभन्दा अगाडी कूल लागतको बढीमा ३० प्रतिशत सम्म उपभोक्ता समितिलाई पेश्की दिने व्यवस्था छ । गाउँपालिकाले सिक्लेस बहुउश्देशिय भवन लगाएतका केही योजनाहरुमा संभौता रकमको ७० प्रतिशतसम्म पेश्की दिएको पाइयो । उपभोक्ता समितिलाई पेश्की दिदाँ बैंक ग्यारेण्टी समेत नलिइने तथा कार्यसंपादन जमानत पनि नहुने हुदाँ पेश्की रकमको दूरुपयोग हुन सक्ने भएकोले कार्यविधिमा भएको व्यवस्थालाई पालना गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

३०. **नर्म्स अनुसारको लागत अनुमान तयार नगरी परामर्श सेवाको कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । गाउँपालिकाले इदी खोला, मकै खोला, सेती खोलाको पुलको संम्भाव्यता अध्ययन, विस्तृत इञ्जिनियरिङ सर्भे, माटो परीक्षण, हाइड्रोलोजिकल अध्ययन, पुलको विस्तृत डिजाइन जस्ता कार्य गर्नको लागि मटेरियल टेष्ट प्रा.लि.मध्यवानेश्वर काठमाण्डौंसंग रु.१८५००००।०० मा संभौता गरी कार्य गरेको पाइयो । गाउँपालिकाले परामर्श सेवाको कार्यमा कुनै आधार नलिई लागत अनुमान तयार गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी लागत अनुमान तयार गरी खर्च भएको रकम अनियमित देखिएको रु.. १८५००००

३१. **कार्यक्रम स्वीकृत नगराई तोक आदेशबाट खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको लागि राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र गाउँसभाले असार मसान्तभित्र वजेट पारित गरी सोही बमोजिम स्वीकृत वजेट तथा कार्यक्रमको परिधिभित्र रही खर्च गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिका अध्यक्षको तोक आदेशबाट निम्न व्यक्ति तथा संस्थालाई भुक्तानी दिएको रकम अनियमित देखिएको रु... ३५००००

| क्र.स. | गो.भौ.नं. र मिति | भुक्तानी पाउने संस्था/ व्यक्ति | कार्यक्रमको नाम | भुक्तानी भएको रकम |
|---|---|---|---|---|



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | ३१३.७५.११.०६ | वडा नं. १ को सिक्लेस युवा क्लव | २४ औं वार्षिकोत्सव माघे मेला | १००००० |
| २. | २९५.७५.१०.२५ | वडा नं. ९ को नभ प्रभात युवा क्लव | चौंथो मुग्री मेला २०७५ को लागि | १००००० |
| ३. | ५०६.७६.०२.०५ | संरक्षण युवा क्लव | लहोसार मेला २०७५ को लागि | २५००० |
| ४ | ७५७.७६.०३.४१ | याङजाकोट मिलन युवा क्लव | बुद्ध जयन्ती महोत्सव | १००००० |
| ५. | ७५६.७६.०३.३१ | नमो बुद्ध युवा क्लव | २८५५ औं ल्होसार पर्वको लागि | २५००० |
| | | जम्मा | | ३५०००० |

३१.१. **शिक्षा तर्फ :**

**वढी भुक्तानी :** निम्नानुसारको गो.भौ.न. र मितिवाट देहायका विद्यालयहरुलाई कडा माटो खन्ने कार्यको लागि प्रति घ.मी.रु.४३२।६८ का दरले दर विश्लेषण गरेकोमा प्रति घ.मी.रु.१४४२।०० का दरले भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रु. १३६१९७ अशुल गरी वेरुजु खातामा दाखिला गर्नुपर्ने रु.. १३६१९७

| गो.भौ.न. मिति | विद्यालय र कार्यको विवरण | कार्य | घ.मी. | भुक्तानीहुनुपर्ने दर | भुक्तानी भएको दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १८०/०७६/३/२७ | सेवामिलन आवासिय विद्यालयको शौचालय निर्माण | कडा माटो खन्ने कार्य | ५२ | ४३२.६० | १४४२ | ५२४०८ |
| | | सेफ्टी टैंकी निर्माण | १८.७१ | ४३२.६० | १४४२ | १८८८५ |
| १७४/०७६/३/२४ | चण्डिका आधारभुत विधालाय शौचालय निर्माण | कडा माटो खन्ने कार्य | ५२ | ४३२.६० | १४४२ | ५२४०८ |
| | | सेफ्टी टैंकी निर्माण | १२.३८ | ४३२.६० | १४४२ | १२४९६ |
| | जम्मा | | | | | १३६१९७ |

३१.२. **पाठ्यपुस्तक अनुदान :** १४।०७५।१२।१९ विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को कियाकलाप न. २.१५.११.७६१ मा वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना सख्याको यथार्थ तथ्याङ्क सम्बन्धित शिक्षा अधिकृतवाट प्रमाणित र एकीन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट वमोजिम कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दोस्रो चौमासिकमा पाठ्यपुस्तक अनुदान रकम विद्यालय खातामा निकासा दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख छ। यस गाउँपालिका अन्तर्गत ५१ विद्यालय संख्या रहेको र सो विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई उपरोक्त निर्देशिका अनुसार दोस्रो चौमासिकमा प्रथम पटक ७५ प्रतिशतले हुने रु.८६१५६८।०० मात्र विद्यालयका खातामा निकासा दिनुपर्नेमा दोस्रो चौमासिकमानै १०० प्रतिशतले हुने रु. ११४८७५७।०० निकासा दिएको पाईयो। कार्यान्वयन पुस्तिका २०७५।७६ मा दोस्रो चौमासिकमा ७५ प्रतिशत रकम निकासा दिए पश्चात पाठ्यपुस्तक पाए नपाएको अनुमान गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख भएता पनि सो अनुसार नगरी दोस्रो चौमासिक मै शत प्रतिशत पाठ्यपुस्तक अनुदान रकम निकासा दिनु उपयुक्त देखिएन। अनुगमन र खर्चको एकीन नगरी शतप्रतिशत निकासा गर्दा अनुदान रकमको दुरुपयोग हुने संभावना रहेकोले गाउँपालिकाले चालु शैक्षिक सत्रमा अध्ययनरत विद्यार्थी संख्या एकीन गरेर मात्र कार्यान्वयन पुस्तिकामा उल्लेखित व्यवस्था अनुसार पाठ्यपुस्तक अनुदान निकासा दिने व्यवस्था मिलाउन पर्दछ।

३२. **प्रधानमन्त्री रोजगार कार्यक्रम :** रोजगारीको हक सम्वन्धी ऐन,२०७५ वमोजिम मादी गाँउपालिकामा विभिन्न १२ वडाहरुमा महिला ११२ र पुरुष २७३ समेत ३८५ वेरोजगारी सुचीमा दर्ता भएकोमा वडा नम्वर १,३,६,१०,११ र १२ मा महिला र पुरुष गरी ३६ जनाले ७५१ दिन अर्थात औषत २१ दिन रोजगार पाएको देखिन्छ भने ३४९ जना ( ९१ प्रतिशत) ले रोजगार पाएको देखिएन। कार्यालयले वेरोजगार सुचीमा दर्ता भएका वेरोजगार व्यक्तिलाई समेत रोजगार दिनुपर्ने तर्फ ध्यान दिनु पर्दछ।



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

३३. **झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रमः** यो वर्ष गाँउपालिकावाट थाकखोला,यदिखोला,कुम्लेखोला र चत्क्यु खोला गरी ४ खोलामा झोलेङगेपुल निर्माण कार्य गरेकोमा थाकखोलाको पुल कुल रु.५७८६०२४।०० र कुम्लेखोलाको पुल कुल रु.३८३५८४२।०० को लागत अनुमानमा सम्पन्न भएको देखाएको छ भने निम्नानुसारका २ खोलाको झोलुङगे पुल निर्माणको लागि २०७५।११।१२ मा उपभोक्ता समितिलाई सम्पन्न गर्नेगरी काम दिएकोमा हालसम्म सम्पन्न नभएको र सम्झौतामा सम्पन्न गर्ने मिति समेत तोकिएको पाईएन । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ वमोजिम सम्झौतामा सम्पन्न गुर्नुपर्ने समय ताक्नुपर्ने र एक आर्थिक वर्ष नकट्नेगरी समितिवाट कार्य सम्पन्न हुनुपर्नेमा सो नभएकोले कार्यसम्पन्न गर्ने गराउने तर्फ सकीय हुनुपर्ने देखियो ।

| पुलको नाम | सम्झौता | कुल लागत अनुमान( फयाव्रिकेसन सहित ) | उपभोक्ताले गर्ने काम | भुक्तानी | काम वाँकी |
|---|---|---|---|---|---|
| यदी खोला | २०७५/११/१२ | ५९००४४६.२५ | ३१८३०११.६८ | २६६७१६४.०० | ५१५८४७.६८ |
| चत्क्यु खोला | २०७५/११/१२ | ५०९०६५४.९६ | ३१८३०११.२८ | २०९१०००.०० | १०९२०११.६८ |
| | जम्मा | | | | १६०७८५९.३६ |

३४. **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यकम :** स्थानीय पुर्वाधार विकास साझेदारी कार्यकम ( सञ्चालन कार्यविधी ) नियमावली २०७५ को नियम १३ वमोजिम कार्यसम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस कार्यकम अर्न्तगत यो वर्ष निम्नानुसारका ३ विद्यालयमा ४ कोठे भवन निर्माण गर्न निम्नानुसारका ३ विद्यालयमा ४ कोठे भवन निर्माण गर्न निम्नानुसार रकम भुक्तानी भएकोमा कार्यसम्पन्न देखाएपनि नियमानुसार सार्वजनिक परीक्षण अनुगमन तथा मुल्याङकन गरेको पाईएन । यस सम्वन्धमा नियमको पालना हुनुपर्ने देखियो ।

| गो.भौ.न.र मिति | विवरण | लागत अनुमान | अनुदान भुक्तानी | कार्यसम्पन्न |
|---|---|---|---|---|
| ५९४/०७६/३/३१ | सिताराम मा.वि. | ५६५५२५२.९८ | २७९५५००.०० | ४७५६९४७.०० |
| ५९६/०७६/३/३१ | हिमालय मा.वि. | ६१२५४८६.१३ | २७९८८७५.०० | ५४०७५८०.५२ |
| ५९५/०७६/३/३१ | धुर्व मा.वि. | ६१२५५६१.०८ | २७९५५००.०० | ४६१३२१९.१५ |

३५. **पर्यटन पुर्वाधार निर्माण कार्यकम :**
२।०७५।११।२२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत काम गराउँदा उपभोक्ताले व्यहोर्नुपर्ने श्रमदान या नगद अनुदानको अंश स्पष्ट राखी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सिक्लेस पर्यटन पुर्वाधार विकास कार्यकम अर्न्तगत बसपार्क निर्माण कार्य गर्नकालागि रु.२५०००००।०० को लागत अनुमान गरेकोमा उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंश राखेको पाइएन । वसपार्क निर्माणकार्य सम्पन्न भएको भनि रु.२२७४९६९।०० को कार्यसम्पन्न देखाई पुरै रकम भुक्तानी भएको देखियो । सामान्यतया यस्तो कार्यमा न्युनतम १० प्रतिशत सम्म जनश्रमदान रहनुपर्ने हँदा कार्यसम्पन्नको १० प्रशिसतले हुने रकम श्रमदान नराखी लागत अनुमान भएकोले अनियमित देखिएको रु... — बेरुजू रकम: २२७४९६

३५.१. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (९) वमोजिम उपभोक्ता समितिवाट सञ्चालीत हुने निर्माणकार्यमा लोडर ,एक्साभेटर ,डोजर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न मिल्नेगरी काम दिन मिल्ने प्रावधान नरहेको र सिक्लेस बसपार्क निर्माणमा सवै काम हेभी मेशिन प्रयोग गर्नेगरी दिएको पाईयो । यस्तोकाम  प्रतिस्पर्धात्मक रुपले निर्माण व्यावसायीवाट गर्ने गराउने तर्फ सम्वन्धीत निकायको ध्यान जानुपर्ने देखियो ।

३६. **आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजू :**
**सोझै खरिद १६८,०७६।०३।२०** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तकवाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले कार्की नर्सरी र सुनिल फलफूल नर्सरीबाट क्रमशः रु.२२३३००।०० र १२३७५०।०० को



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विरुवा खरिदमा दरभाउपत्र आह्वान नगरी सोझै खरिद गरेकोले अनियमित देखिएको रु... | ३४७०५० |
| ३६.१. | **लागत अनुमान १९,२०७५।०६।२२ :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख रुपैयाभन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने तथा निर्माण कार्यको कार्य संपन प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले नेपाल विद्युत प्राधिकरण लेखनाथ शाखालाई विद्युत संरचना निर्माण तथा विद्युत पोल स्थानान्तरण गर्नको लागि रु.१७५५२१।०० खर्च लेखेकोमा सोको प्राविधिक पुष्टाई तथा लागत अनुमान समेत नभएकोले अनियमित देखिएको रु... | १७५५२१ |
| ३६.२. | **लागत अनुमान १९,२०७५।०६।२२ :** सार्वजनिक खरिद ऐन, २०६३ मा निर्माण कार्यको कार्य संपन प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले नेपाल विद्युत प्राधिकरणलाई विद्युत संरचना निर्माण तथा विद्युत पोल स्थानान्तरण गर्नको लागि रु.४५६८७०० खर्च लेखेकोमा सोको कार्य संपन प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.. | ४५६८७ |
| ३७. | **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बाँकी रहेको निम्नानुसारको पेश्की आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७४ वमोजिम असूल फछ्र्यौट गर्नुपर्ने रु. | ५७६३२१ |

| पेश्की लिनेको नाम | बापत | पेश्की बाँकी रु. |
|---|---|---|
| आर.डि.इञ्जिनियरिङ्ग कन्सल्टेन्सी | ताङतिङ कपु क्होलासोथार सम्पदा मार्ग | २०१३२१.०० |
| नयाँगाउँ गिडवेंसी खानेपानी उपभोक्ता समिति | अन्य सार्वजनिक निर्माण मर्मत | १५००००.०० |
| कृषि अनुदान | युवा स्वरोजगार कार्यक्रम विउ पूजीकोष साझेदारी अनुदान | २०००००.०० |
| युवा स्वरोजगार कार्यक्रम विउ पूजीकोष साझेदारी अनुदान | युवा स्वरोजगार कार्यक्रम विउ पूजीकोष साझेदारी अनुदान | २५०००.०० |
| | जम्मा | ५७६३२१.०० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **न्यायीक समितिको उजुरी तथा फछ्र्यौट सम्बन्धमा :** यस नगरपालिका अन्तर्गत यो वर्ष १२ मुद्धा दर्ता भएकोमा मेलमिलापवाट ५ फछ्र्यौट गरी ७ मुद्धा वांकी रहेको देखियो । वांकी मुद्धा समयमै फछ्र्यौट गर्नुपर्दछ । | |
| ३९. | **सवारी साधन खरीद :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १२३ वमोजिम आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ तापनि यस गाउँपालिकाले यो वर्ष पूर्व सहमति वेगर १ मोटरसाइकल रु.३१९०००।०० मा खरिद गरी खर्च लेखेको छ । | |



Scanned with CamScanner

अनुसूची–१

## मादी गाउँपालिकाको सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

प्रदेश : गण्डकी

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशत तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मादी गाउँपालिका | कास्की | ३१०४९ | ८०३२९ | २६०८३६ | १३९५६८ | ४८०७३३ | ३११९०१ | ११९७४६ | ७९३८५ | ५११०३२ | ७५० |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कास्की | मादी गाउँपालिका | २८ | १६ | ९२४६ | ० | ४ | १६१४ | २८ | १२ | ७६३२ | ११५५ | ५८५५ | ४६ | ० | ० | ५९०१ | ० | ५७६ | ५७६ |

अनुसूची– ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | मादी गाउँपालिका | कास्की | ११७३३ | ७५८७ | ४१४६ | ० | ७६३२ | ११७७८ |



Scanned with CamScanner